नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४८८

मितिः२०८३/०२/२८

ने.सं. ११४६

श्री नगरपालिका सबै,

श्री गाउँपालिका सबै ।

विषयः गुनासो /सुझाव सम्वन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको सुशासन प्रवर्द्धन शाखाको प.सं.२०८२/८३ च.नं.६४० मिति २०८३/२/२८ को पत्रसाथ प्राप्त गुनासो/सुझाव आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री सुशासन प्रवर्द्धन शाखा

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सुशासन प्रबर्द्धन शाखा
## (गुनासो व्यवस्थापन केन्द्र)
सिंहदरबार, काठमाडौं

प.सं: २०८२।८३
च.नं. ६४०

मितिः-२०८३।०२।२८

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

विषयः गुनासो/सुझाव सम्वन्धमा ।

श्री स्थानीय तह समन्वय शाखा,
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

यस मन्त्रालयको गुनासो व्यवस्थापन केन्द्रमा प्राप्त यसै पत्रसाथ संलग्न गुनासो/सुझाव तहाँ शाखासँग सम्वन्धित भएको हुँदा आवश्यक कार्यान्वयनको लागी सवै स्थानीय तहहरुमा प्रेषित हुन पठाएको ब्यहोरा आदेशानुसार अनुरोध छ ।

(हरि नारायण शर्मा)
शाखा अधिकृत

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः gunaso@mofaga.gov.np, बेवसाईटः www.mofaga.gov.np
"व्यवसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

ानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
ूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
हदरबार काठमाडौं ।

गुनासो व्यवस्थापन केन्द्र
दर्ता नं.: ८६८
दर्ता मिति: २०८१।८।१४

विषय : स्थानीय तहलाई निर्देशन तथा सुझाव दिई सो को कार्यान्वयन गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तहहरु धमाधन नीति कार्यक्म तथा बजेट तर्जुमा सम्बन्धी काममा जुटेका छन । स्थानीय तहहरुको वजेट तर्जुमा कै अवस्थामा केही वेथिति सिर्जना गर्ने गरेका छन । ती निम्न हुन । यी वेथितिहरु अगामी दिनमा नदोहोरिन दिनको लागि मन्त्रालयबाट नै निर्देशन दिई सो को कार्यान्वयन गराउन हुन अनुरोध छ ।

निम्न

१. दरबन्दी भन्दा बाहेकको पदमा सभाबाट बजेट विनियोजन गरी सभाबाट नै म्याद थप गरी दरबन्दी बाहेकको पदमा अनावश्यक कर्मचारी भर्ना गरी तलब खुवाउन प्रमुख प्रशासकीय अधिकृतलाई वाध्य पार्ने गरेको । यसबाट अर्बौ भार परेको छ । यो रकम विकासको काममा लगाउन सकिन्छ ।
२. अबण्डा बजेट राखी गलत नियतका साथ खर्च गर्ने गरेको ।
३. बजेट तर्जुमा भन्दा अगाडी स्रोत अनुमान विषयगत समिति बजेट तर्जुमा समितिको बैठक नबसी व्यापक छलफल नै नगरी कार्यपालिका हाबी भई बजेट पास हुने गरेको ।
४. जिविस गाविस वाला कथित स्थायी कर्मचारी अवकाश हुदा विना कुनै कानून मापदण्ड बनाई सम्बन्धित कर्मचारीसंग मोलमोलाई गरी मिलेमतोमा उपदान बापत झन्डै आधा वा एक करोड रकम सम्म एक जनालाई उपदान दिने गरेको ।
५. कानून विपरीत सभाबाट नै कर्मचारीलाई सातौ तह वा नवौ तहमा वढुवा गर्ने गरेको ।
६. अनुउत्पादक क्षेत्रमा गलत नियत राखी बजेट विनियोजन गर्ने गरेको जस्तै खेलकुद, विभिन्न उत्सव तथा कार्यक्रम, मर्मत, ईन्धन, जनप्रतिनिधिको लागि दशैभत्ता अन्य भत्ता वितरण मुखी कार्यक्रम ।
७. आवश्यकता नै नभई दरबन्दी नै नभई सभाबाट नै राजनीतिक दलको कार्यकर्ता भर्ना गर्न करार शिक्षकको तलब वनियोजन गरी भर्ना गर्ने गरेको
८. स्थायी दरबन्दी भएको पद रिक्त भएपछी लोक सेवा माग गर्न नदिई करारमा ईन्जिनियरिङ कृषि पशु स्वास्थय लगायतको कर्मचारी भर्ना गरेको बेरुजुको चाङ बोकाउने गरेको किनकी करारको ईन्जिनियर कृषि पशुको कर्मचारीले कानून हेर्देनन ईन्जिनियरिङ मापदण्ड पालन गर्दैनन फील्डमा हुदै नभएको कामको बील बनाउछन कृषि पशुले अनुदानमा अनियमितता गर्दछन  कार्यविधि अनुसार पाउनेलाई नदिने नपाउनेलाई दिने राजनीतिक दबाबमा प्रमुख प्रशसकीय अधिकृत निरीह हुन्छ ।
९. नदिजन्य पदार्थको ठेक्का लगाउन नदिई वा लाग्न नदिई गलत नियत राखेर अमानतबाट राजस्व उठाई अनियमितता गर्ने गरेको ।
१०. अर्बौ वेरुजु पुग्न लाग्दा समेत थुप्रै स्थानीय तहले हालसम्म सार्वजनिक लेखा समिति समेत गठन नगरेको तर बेरुजु किन लेखिस भनेर मलेपलाई नै थर्काउन शुरु गरीसकेकाछन ।

*नोट : माथी उल्लेखित सबै व्यहोरा सत्य हुन । पुष्ट्याईका लागि कुनै पाँच वटा गाउँपालिका वा नगरपालिकाको विगत तीन बर्षको मलेप प्रतिवेदन अध्ययन गर्नुपर्छ । साथै मन्त्रालयबाट प्राप्त परिपत्र कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतहरुलाई स्थानीय तहको प्रमुख उपप्रमुख एवम् कर्मचारीहरुकै असहयोग रहने गरेकोले गोप्यता कायम गरिदिन हुन  समेत अनुरोध छ ।*